नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड
NATIONAL LIFE INSURANCE COMPANY LIMITED

P.O. Box 4332, Lazimpat
Kathmandu, Nepal
Tel: 4414799, 4416556, 4414803
E-mail: nlgilife@mail.com.np
Website: www.nationallife.com.np
Fax: 977-1-4435633

यस कम्पनीको मिति २०७५/११/२२ गते बसेको सञ्चालक समितिको ४०९ औं बैठकवाट यस कम्पनीको तिसौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न लिखित विषय उपर छलफल गर्नका लागि बस्ने निर्णय भए अनुसार उक्त मिति, समय र स्थानमा शेयरधनी महानुभावहरु आफू स्वयं वा रितपूर्वकको प्रतिनिधि द्वारा उपस्थित हुन अनुरोध गरिन्छ ।

सभा हुने मिति, समय र स्थान :

मिति : २०७५ साल चैत्र १५ गते शुक्रवार (२९ मार्च, २०१९)
समय : बिहान १०:३० बजे
स्थान : नेशनल लाईफ भवन, केन्द्रिय कार्यालय, लाजिम्पाट, काठमाण्डौं ।

छलफलका विषयहरु :

विषय सूची :

क) साधारण प्रस्ताव :

१। सचांलक समितिको तर्फवाट अध्यक्षज्यूवाट पेश हुने आ.व.२०७३/०७४ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२। आर्थिक वर्ष २०७३/०७४ समाप्त वर्षको वासलातको फांटवारी, आय-व्यय हिसाब, नाफा-नोक्सान हिसाब एवम् लेखापरीक्षकको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
३। लेखापरीक्षण समितिको सिफारिस वमोजिम आर्थिक वर्ष २०७४/०७५ को लागि लेखापरीक्षक नियुक्ति एवम् पारिश्रमिक अनुमोदन गर्ने ।
४। संचालक समितिले प्रस्ताव गरे वमोजिम वोनस शेयर वापतको कर प्रयोजनार्थ रु.१,८८,२७,०१०/- नगद लाभांश स्विकृत गर्ने ।
५। संचालक समितिको अध्यक्ष र संचालकहरुको वैठक भत्ता एवं अन्य सुविधा संशोधन गर्ने ।
६। २९ औं वार्षिक साधारण सभावाट शेयरधनी समूह 'ख' वर्गवाट निर्वाचित र विज्ञ संचालकको रिक्त हुन आएको संचालक पदमा संचालक समितिले गरेको नियुक्तिको अनुमोदन गर्ने ।

ख) विशेष प्रस्ताव :

१। संचालक समितिले प्रस्ताव गरे वमोजिम लाभांशको रुपमा हाल कायम रहेको चुक्ता पूंजीको १३.५ प्रतिशत वोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने । वोनस शेयर वितरण गर्दा कायम हुन आउने दशमलब पछिको अंकलाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरी यथावत राख्ने ।
२। जारी भैसकेको हकप्रद शेयर, यस सभामा प्रस्तावित वोनस शेयर कार्यान्वयन गर्न एवं भविष्यमा संभावित पूंजी सम्बन्धि आवश्यकता समेतलाई दृष्टिगत गरी प्रबन्धपत्रको दफा (८) र नियमावलीको नियम (४) मा संशोधन गरी जारी पूंजी रु.४ अरब पुऱ्याउने ।
३। संस्थापक शेयरधनी समूहलाई एकै समूहमा राख्न आवश्यक भै हाल रहेको समूह 'क' (संस्थापक शेयरधनी समूह) र समूह 'ख' (विदेशी लगानीकर्ता समूह) लाई एक समूहमा राखी समूह 'क' मात्र कायम रहने गरी समूह 'ख' हटाउने एवम् सोही अनुसार समूह 'ख' नरहे पछि सो समूहवाट संचालक समितिमा प्रतिनिधित्व हुने संख्या पनि समूह 'क' वाट प्रतिनिधित्व हुने गरी मिलाउने । सोही अनुसार व्यवस्था गर्न नियमावलीको नियम (८) र (३५) मा संशोधन गर्ने ।
४। संचालक समितिको अध्यक्ष र संचालकहरुको वैठक भत्ता एवं अन्य सुविधा सम्बन्धमा संशोधन प्रस्ताव अनुमोदन गर्ने प्रयोजनको लागि "बीमकको संस्थागत सुशासन सम्बन्धि निर्देशिका २०७५" को निर्देशन १०(१) मा व्यवस्था भए अनुसार कम्पनीको नियमावलीमा नियम ४७(क) थप गरी व्यवस्था गर्ने ।

५। कम्पनीको प्रबन्ध पत्र र नियमावलीमा प्रस्ताव भए वमोजिम संशोधन गर्ने । उक्त संशोधनमा सम्बन्धित नियमनकारी निकायले फेरवदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक समायोजन गर्न संचालक समितिलाई अधिकार प्रदान गर्ने ।

ग) विविध ।

साधारण सभा सम्बन्धि सामान्य जानकारी

१। ३० औं साधारण सभाको प्रयोजनकोलागि कम्पनीको शेयर दाखिल खारेजको कार्य २०७५ चैत्र १ देखि २०७५ चैत्र १५ गते सम्म बन्द रहने छ ।

२। सभामा आफै उपस्थित हुन नसक्ने शेयरधनीले सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा सो प्रतिनिधि पत्र सभा शुरु हुनु भन्दा ४८ घण्टा पहिले अर्थात २०७५ चैत्र १२ गते मंगलवार कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय, लाजिम्पाटमा दर्ता गराई सक्नु पर्नेछ । प्रतिनिधि पत्र (प्रोक्सी) यस कम्पनीले तोकेको ढांचामा हुनु पर्नेछ । प्रतिनिधि पत्र (प्रोक्सी) को ढांचा यस कम्पनीको सूचना पाटीमा समेत राखिएको छ ।

३। प्रोक्सी दिने शेयरधनी महानुभावले शेयर किन्दाको अवस्थामा आफूले यस कम्पनीमा गरेको सही मिल्नु पर्दछ । अन्यथा प्रोक्सीले मान्यता पाउने छैन ।

४। एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि पत्र (प्रोक्सी) स्वत: बदर हुनेछ । तर प्रतिनिधि पत्र (प्रोक्सी) दिने शेयरधनीले आफूले अघि दिएको प्रतिनिधि पत्र (प्रोक्सी) बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी तोकिएको म्याद भित्रै छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधि (प्रोक्सी) ले सभामा भाग लिन र मतदान गर्न पाउने छन् । त्यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि पत्र (प्रोक्सी) स्वत: बदर भएको मानिने छ ।

५। प्रतिनिधि मुकरर गर्दा केही शेयर आफैसंग वांकी राखी आफू समेत साधारण सभामा उपस्थित हुन पाउने गरी आंशिक शेयरको प्रतिनिधि मुकरर गर्न पाइने छैन । प्रतिनिधि नियुक्त गर्ने शेयरधनी स्वयं आफै साधारण सभामा उपस्थित भएमा, मतदान गरेमा उक्त मुकरर गरिएको प्रोक्सी स्वत: बदर हुने छ ।

६। नाबालक वा मानसिक अवस्था ठिक नभएको शेयरधनीहरुको तर्फवाट कम्पनीको शेयर लगत किताबमा संरक्षक जनिई दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न सक्नु हुनेछ ।

७। सभामा भाग लिन ईच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र र आफ्नो परिचय पत्र खुल्ने प्रमाण (जस्तै नागरिकताको प्रमाणपत्र वा प्रमाणित फोटो भएको अन्य कुनै परिचय पत्र) सभामा उपस्थित हुन अनिवार्य रुपमा साथमा लिई आउन अनुरोध छ अन्यथा सभा कक्षमा प्रवेश गर्न पाइने छैन ।

८। साधारण सभाको हाजिरी पुस्तिका बिहान ९:३० बजे देखि १०:५० बजे सम्म खुल्ला रहने छ ।

९। सुरक्षाको दृष्टिले शेयरधनी महानुभावहरु सभा स्थल आउंदा झोला, ब्याग जस्ता वस्तुहरु नल्याउन अनुरोध गरिन्छ । सुरक्षा कर्मिले जांच गर्न सक्ने हुंदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध छ ।

१०। यस साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय लाजिम्पाटमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

सुरेश प्रसाद खत्री
कम्पनी सचिव